# विकलांगता भएका विद्यार्थीहरूका लागि TNReady सहायताहरूमा अभिभावक जानकारी

2016-17 विद्यालय वर्षको लागि तपाईंका विद्यार्थीहरूलाई सहायता

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 1 मा फेला पार्न सकिन्छ ।)*

विकलांगता भएको बच्चाको अभिभावकको रूपमा तपाईं आफ्नो बच्चाको लागि सेवाहरूको बारेमा निर्णयहरू गर्नका लागि संलग्न हुनुभएको छ । यो निर्देशिको अौचित्य निर्देशन तथा मूल्याङ्कन के कस्तो सुबीधाको बन्धोबस्त छ भन्ने कुरामा तपाईंको बुझाइलाई वृद्धि गर्नु हो सुबीधाहरूको प्रयोग विकलांगता भएका तपाईंको बच्चा तथा थुप्रै विद्यार्थीहरूको शैक्षिक कार्यक्रम योजनाको महत्वपूर्ण भाग हो, उनीहरूलाई सिकाइने तथा जाँच गरिने तरिकामा थोरै परिवर्तनले मात्र उनीहरुले सामान्य शैक्षिक कक्षामा सफलतापूर्वक भाग लिन सक्छन् ।

## सुबीधाहरूको बुझाइ

सुबीधाहरू भनेका विकलांगता भएका विद्यार्थीहरूको निर्देशन तथा मूल्याङ्कनमा समान पहुँच प्रदान गर्ने उपकरण तथा प्रणालीहरू हुन् । पहुँच भनेको सार्वजनिक विद्यालयभित्रका सबै विद्यार्थीहरूलाई उपलब्ध गराइएको निर्देशन, छलफल, क्रियाकलाप, उत्पादनहरू तथा मूल्याङ्कनमा व्यक्तिगत्त रुपमा सहभागी हुनको लागि अवसर तथा योग्यता हो । उनीहरूलाई "खेल्ने मैदानको स्तर" उपलब्ध गराइएको छ । सुबीधाहरूको बन्धोबस्त बिना, विकलांगता भएका विद्यार्थीहरू श्रेणी-स्तर निर्देशनको पहुँच गर्न वा मूल्याङ्कनहरूमा पूर्ण रूपमा सहभागी हुन सक्षम हुन सक्नेछैनन् ।

सुबीधाहरू विकलांगता का प्रभावहरूलाई पूरा गर्न तथा ज्ञान र सीपहरू प्रदशन गर्नको लागि विद्यार्थीहरूलाई अवसर प्रदान गर्नेतर्फ अभिप्रेरित छन् । सुबीधाहरू विद्यार्थीको विकलांगता का प्रभावहरूलाई कम गर्न वा निर्मूल पार्न र सिकाइ अपेक्षाहरू कम हुन नदिन र विद्यार्थीले जानेको वा जान्न सक्ने गलत कल्पना प्रदान गर्नुहुँदैन भन्ने तर्फ अभिप्रेरित छन् । जाँच सुबीधाहरूमा विश्वासले कहिल्यै पनि जाँच गरिएको सामग्री क्षेत्रको उपयुक्त र सही निर्देशनलाई प्रतिस्थापन गर्नुहुँदैन ।

आदर्श रूपमा, सुबीधाहरू कक्षाकोठा निर्देशन, कक्षाकोठा परीक्षण र राज्य वा जिल्ला परीक्षणहरूतर्फ उस्तै वा समान हुनुपर्छ । यद्यपि, यो नोट गर्न महत्त्वपूर्ण छ कि केही सुबीधाहरू निर्देशनको लागि मात्र हुन् र यसलाई राज्य वा जिल्लाको मूल्याङ्कनहरूमा प्रयोग गर्न सकिँदैन । उपयुक्त सुबीधाहरूको प्रावधानमा प्रभावकारी निर्णय गर्ने कार्य विद्यार्थीको शैक्षिक उपलब्धीको हालैको स्तर, पाठ्यक्रमसँग सम्बन्धित कार्यात्मक कार्यसम्पादन तथा विद्यार्थीलाई निर्देशन र कक्षाकोठा मूल्याङ्कनको अवधिमा आवश्यक पर्ने सहायताहरूको बारेमा जानकारी संकलन तथा समीक्षा गर्दै सुरु हुन्छ ।

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 2 मा फेला पार्न सकिन्छ)*

सुबीधाहरू चयन गर्ने एक प्रक्रिया हो जसमा IEP/504 समूहका सदस्यहरूले विकलांगता भएका विद्यार्थीहरूका लागि "खेल्ने मैदानको स्तर" को प्रयत्न गर्छन् जसकारण उ वा उनी सामान्य शैक्षिक कार्यक्रममा सहभागी हुन सक्छन् ।

- टोली बैठकहरूले विद्यार्थीलाई सिकाइको बराबर अवसरहरू उपलब्ध गराउने तथा निर्देशन र मूल्याङ्कनको अवधिमा विद्यार्थी अभिभूत सिकाइ बाधाहरूमा मद्दत गर्न अभिप्रेरित अभ्यास र दृष्टिकोणहरूको पहिचान गर्ने बारेमा छलफलहरू समावेश गर्नुपर्छ।
- निर्देशन तथा मूल्याङ्कन प्रक्रियामा विकलांगता  भएका विद्यार्थीहरूको सफलतापूर्वक र अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्न सुबीधाको बन्धोबस्त हरूसँग सम्बन्धित सूचित निर्णयहरूको निर्माण गर्नु महत्त्वपूर्ण हुन्छ।
- उपयुक्त सुबीधाहरूको प्रावधानको बारेमा निर्णयहरूको निर्माण गर्ने कार्य उचित निर्देशनात्मक निर्णयहरूको निर्माण गर्दै सुरु हुन्छन्।
- उपयुक्त निर्देशनात्मक निर्णयहरूको निर्माण गर्ने कार्य शैक्षिक सामग्री मानकहरूसँग सम्बन्धित विद्यार्थीको विकलांगता र कार्यसम्पादनको वर्तमान स्तरको बारेमा उचित जानकारीहरूको संकलन तथा समीक्षा गरी सहज भएका छन्।

सुबीधाहरूको बन्धोबस्तलाई सामान्यता निम्न श्रेणीहरूमा वर्गीकृत गरिएका छन्:

- प्रस्तुतीकरण: यी सुबीधाहरूले विद्यार्थीहरूलाई स्ट्याण्डर्ड प्रिन्ट पढ्न नपर्ने तरिकाबाट जानकारी पहुँच गर्न उनीहरूलाई अनुमति दिन्छन्। पहुँचका यी वैकल्पिक मोडहरू श्रवण, बहु-संवेदक, स्पर्शनीय र दृश्यात्मक हुन्। (उदाहरणको लागि: दिशाहरू दोहोऱ्याउने, चर्को स्वरमा पढ्ने, उत्तर पानामा ठूला बबलहरूको प्रयोग गर्ने)
- प्रतिक्रिया: यी सुबीधाहरूले विभिन्न तरिकाबाट क्रियाकलाप, नियुक्ति र परीक्षणहरू पूरा गर्न तथा सहायक यन्त्र वा आयोजकको प्रयोग गरी समस्याहरू समाधान वा बेवस्ता गर्न विद्यार्थीहरूलाई अवसर दिन्छ। (उदाहरणको लागि: पुस्तिकामा जवाफहरू चिह्नांकन गर्ने, सन्दर्भ सहायताहरूको प्रयोग, कम्प्युटरको प्रयोग)
- समय/तालिका: यी सुबीधाहरूले परीक्षण वा ग्रिह/कक्षाकार्य पूरा गर्न समयको स्वीकार्य लम्बाईलाई वृद्धि गर्छन् तथा समय संगठित गरिएको आधारलाई पनि परिवर्तन गर्न सक्छन्। (उदाहरणको लागि: बढाइएको समय, बारम्बार विश्रामहरू)
- सेटिङः यी सुबीधाहरूले जाँच वा ग्रिह/कक्षाकार्य  गर्न नियुक्ति दिइएको स्थान वा मूल्यांकन तरिका लाई परिवर्तन गर्न सक्छन्।  (उदाहरणको लागि: विशेष अध्ययन कोठा, विशेष प्रकाश, अलग कक्ष)

## सुबीधाहरू र परिमार्जनहरू बिचको फरक

सुबीधाहरू परिमार्जनहरू जस्तै समान छैनन्। सुबीधाहरू विद्यार्थीको विकलांगता का प्रभावहरूलाई कम गर्न अभिप्रेरित छन्; उनीहरू सिकाइ अपेक्षाहरूलाई कम गर्नका लागि अभिप्रेरित छैनन्। सामान्यत सिकाइ अपेक्षाहरू परिवर्तन गर्ने, न्यून गर्ने वा कम गर्ने भन्नाले परिमार्जन वा परिवर्तनलाई बुझिन्छ। सुबीधाहरू जस्तो नभई, परिमार्जनको लगातार प्रयोगले विकलांग विद्यार्थीहरूको उपलब्धि र ग्रेड-स्तर आशा बीच अंतर बढाउन सक्छ । यसले विद्यार्थीको शैक्षिक कार्यप्रगतीमा नकारात्मक प्रभाव पार्न सक्छ, सँगसँगै विद्यार्थी प्रगति जारी राख्न र नियमित डिप्लोमा हासिल गर्न सक्षम नहुन पनि सक्छन्।

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 3 मा फेला पार्न सकिन्छ)*

राज्य मूल्याङ्कन सुबीधाहरू

सङ्घीय तथा राज्य कानूनमा दर्शाइएको छ सार्वजनिक विद्यालय जाने विद्यार्थीहरु, विकलांग विद्यार्थी सहितले उल्लेखित शैक्षिक क्षेत्र र ग्रेड व्यवस्थामा वार्षिक जाँचमा सहभागी हुन आवश्यकता पर्छ। राज्य र जिल्ला मूल्याङ्कनहरूमा विकलांगता भएका सबै विकलांग विद्यार्थीहरूको समावेश आवश्यक गर्नाले यी विद्यर्थीहरूको उपलब्धीको लागि त्यस विद्यालय, स्कूल

डिस्ट्रिक्टहरू तथा राज्यहरू उत्तरदायी रूपमा सञ्चालन भएका छन् भनी सुनिश्चित गर्न मद्दत गर्छ । यी कानून बमोजीम विकलांगता (व्यक्तिगत शिक्षा योजना (IEP) वा सेक्सन 504 भित्र समेटिएका ती व्यक्तिहरू) भएका विद्यार्थीहरूलाई परीक्षाहरूमा सहभागी हुन आवश्यक उपयुक्त सुबीधाहरू उपलब्ध गराउन को पनि आवश्यकता पर्छ ।

स्तरीय सुबीधाहरू भनेका ती हुन जसले परीक्षण गरिएको सीपलाई परिवर्तन गर्दैनन् । उदाहरणको लागि, गणितीय समस्या समाधान मापन गर्न डिजाइन गरिएको वस्तुहरूमा क्याल्कुलेटरको प्रयोगले लक्षित सन्दर्भलाई परिवर्तन गर्दैन । गैर-स्तरीय सुबीधाहरू त्यो हो जसले कार्य वा योजनाबद्ध सीपको प्रकृतिलाई परिवर्तन गर्नेछ । उदाहरणको लागि, गणितीय प्रवाह मापन गर्न डिजाइन गरिएको वस्तुहरूमा क्याल्कुलेटरको प्रयोग गर्नु भनेको गैर-स्तरीय सुबीधा हो र यसलाई राज्य वा जिल्ला परीक्षणको लागि अनुमति दिनेछैन किनकी यसले विद्यार्थीको गणितको क्षमतालाई सही मापन गर्नेछैन । लक्षित सन्दर्भलाई अमान्य गराउने सुबीधाहरूको प्रयोगले विद्यार्थीको सीपको यथार्थ मापन गर्दैन र परीक्षण नतिजाहरूको परिणाम अमान्य पनि हुन सक्छ, जसले विद्यार्थीलाई गैर-अनुभवीको रूपमा गणना गर्नेछ । सबै IEP/504 टोली सदस्यहरूलाई राज्य मूल्याङ्कनहरूमा सुबीधाहरूको प्रयोगसँग सम्बन्धित राज्यको नीति तथा मार्गदर्शनहरूसँग परिचित हुन आवश्यक छ ।

परीक्षण सुबीधाहरूको बारेमा राम्रो निर्णयहरू लीन सबै टोली सदस्यहरूले थाहा पाउनुपर्ने कुराहरु:

- परीक्षण (सामग्री, परीक्षण प्रश्नहरूका प्रकारहरू र परीक्षण अवस्थाहरू)
- राज्यको परीक्षण मार्गदर्शनहरू
- राज्यको सुबीधाहरूको मार्गदर्शनहरू

## कसले निर्णय गर्छ?

विकलांगता भएका सबै विद्यार्थीहरू (सक्रिय IEP वा 504 योजना भएकाहरु) राज्य वा जिल्ला परीक्षणमा पूर्ण रूपमा सहभागी हुन उनीहरूलाई अनुमति दिने उपयुक्त सुबीधाहरू प्राप्त गर्नेछन् । विद्यार्थीको IEP/504 टोलीले निर्देशन तथा मूल्याङ्कन दुबैको लागि सुबीधाहरू चयन गर्छ । सुबीधाहरू विकलांगता को वर्गिकरण, श्रेणीको स्तर वा निर्देशनात्मक सेटिङको आधारमा नभइ एक-एक व्यक्तिहरूका आवश्यकताको आधारमा छनोट गर्नुपर्छ । एकपटक चयन गरिसकेपछि, सुबीधाको बन्धोबस्तहरूलाई निर्देशन र मूल्याङ्कनको लागि लगातार प्रयोग गर्नुपर्छ । सुबीधाहरूको कार्यान्वयनको लागि प्रत्येक शिक्षक तथा अन्य कर्मचारीलाई उपलब्ध गराउनुपर्ने विशेष सुबीधाहरूको सूचना दिनुपर्छ ।

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 4 मा फेला पार्न सकिन्छ)*

## सुबीधाहरू चयन गर्ने

टेनेसी व्यापक मूल्याङ्कन कार्यक्रम (TCAP) ले सहभागी विद्यार्थीहरूका लागि सहायताको बहु तहहरू प्रस्ताव गर्छ । तलको चित्रले सम्पूर्ण विद्यार्थीहरूका लागि र प्रति IEP वा 504 योजनामा आवश्यक हुने अनुमतियोग्य परीक्षण कार्यविधि, पहुँचयोग्य सुविधाहरूसहित मूल्याङ्कन सुविधाका विभिन्न पक्षहरूको बारेमा चित्रण गर्छ । स्वीकार्य परीक्षण प्रणाली तथा पहुँचयोग्य सुविधाहरू सबै विद्यार्थीहरूलाई उपलब्ध छ अग्रिम रूपमा पहुँचयोग्य सुविधाहरू प्राप्त गरिरहेका विद्यार्थीहरू सहित । अग्रिम रूपमा पहुँचयोग्य सुविधाहरू विद्यार्थीहरू जसको लागि एक वयस्क वा टोलीले सुविधाहरूका लागि प्रदशित तथा कागजात गरिएको कक्षाकोठाको आवश्यकतामा संकेत गरेको छ उनीहरुलाई मात्र उपलब्ध हुन्छ । सुबीधाहरू औपचारिक योजना (IEP or 504) मार्फत कागजातको आवश्यकता भएका विद्यार्थीहरूका लागि मात्र उपलब्ध छ ।

आवश्यक सुबीधाहरू निर्धारण गर्नु प्रत्येक IEP वा 504 योजनाको विकासको भाग हुनुपर्छ । यी प्रश्नहरुलाई चयन प्रक्रियामा विचार-विमर्श गर्नुपर्छ:

- विद्यार्थीका सिकाइको योग्यता तथा आवश्यकताहरू के-के हुन्?
- विद्यार्थीको सिकाइ आवश्यकताहरूले श्रेणी-स्तर सामग्री मानकहरूको उपलब्धीलाई कसरी प्रभाव पार्छ?
- श्रेणी-स्तर सामग्री मानकहरू हासिल गर्न विद्यार्थीलाई कस्तो विशेषीकृत निर्देशनको आवश्यकता पर्छ?

अर्को, विद्यार्थीले पहिले नै प्रयोग गरिरहेको सुबीधाहरूको बारेमा छलफल तथा समीक्षा गर्नुहोस् । यी प्रश्नहरू सोध्नुहोस्:

- विद्यार्थीले नियमित रूपमा कक्षाकोठा र परीक्षणहरूमा कुन सुबीधाहरूको प्रयोग गरिरहेको छ?
- सुबीधाले कत्तिको राम्ररी कार्य गरेको छ भन्नेमा विद्यार्थीको धारणा के छ?
- विद्यार्थी सुबीधाहरूको प्रयोग गर्न इच्छुक भइरहेको छ?
- सुबीधाहरू कार्य गर्नुपर्ने बेलामा कसरी देखा पर्छ भन्ने बारेमा आमाबुवा, शिक्षक तथा अन्यहरूका धारणाहरू के-के छन्?
- चयन गरिएका सुबीधाहरूको प्रबन्ध गर्दा जटिलताहरू भएका थिए?

## सुबीधाहरूको मूल्याङ्कन गर्ने

सुबीधाहरूको प्रभावलाई नजिकबाट समीक्षा गरेर सुबीधाहरू कति प्रभावकारी छन् भनेर मूल्याङ्कन गर्ने कार्य निरन्तर रूपमा हुनुपर्छ जसले सुधारहरू ल्याउन सक्छ । IEP वा 504 टोलीहरूले मान्नु हुँदैन प्रत्येक वर्ष चयन गरीयका सुबीधाहरू अर्को वर्ष पनी बहाल हुन्छ ।

प्रत्येक वर्ष टोलीले निम्न कुराहरूको समीक्षा गर्नुपर्छ:

- प्रत्येक सुबीधाहरू तथा सुबीधाहरूको प्रयोग गरिएको समयमा परीक्षणका नतिजाहरू
- सुबीधाले कत्तिको राम्ररी कार्य गरिरहेको छ भन्नेमा विद्यार्थीको दृष्टिकोण
- सुबीधाहरूका प्रभावकारी संयोजनहरू
- सुबीधाहरू कार्य गरिरहेको बेलामा कसरी देखा पर्छ भन्ने बारेमा शिक्षक, बालपेशेवर तथा अन्य विशेषज्ञका दृष्टिकोणहरू

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 5 मा फेला पार्न सकिन्छ)*

## टोलीहरूले मूल्याङ्कन सुबीधाहरूको बारेमा सोध्नु पर्ने प्रश्नहरु

1. कक्षाकोठा निर्देशनको अवधिमा विद्यार्थीले कुनै पनि यस्तो सुबीधाहरूको प्रयोग गरिरहेको छ जुन राज्य वा जिल्ला मूल्याङ्कनको बेला अनुमति प्राप्त नहुन सक्छ?
   *निश्चित सुबीधाहरूको प्रकृतिको कारण उनीहरूलाई परीक्षणको लागि नभइ निर्देशनको लागि मात्र अनुमति दिइएको छ । विद्यार्थीलाई त्यस्ता सुबीधाहरूको प्रयोग गर्ने बानी परेको छ भने IEP टोलीले तु परीक्षणको समयमा विद्यार्थीलाई निश्चित सुबीधाहरू उपलब्ध हुनेछैनन भन्ने बारेमा बुझाउनु पर्छ र तुलनात्मक हिसाबमा परीक्षण समयमा विद्यार्थीलाई समर्थन गर्न सक्ने स्वीकारयोग्य सुबीधाहरू फेला पार्न परीक्षण तथा कार्य गर्न ।*

2. चयन गरिएका मूल्याङ्कन सुबीधाहरू स्वीकारयोग्य छन् तथा विशेष मूल्यङ्कनको लागि अनुमति दिइएका छन्?

*विशेष मूल्याङ्कनहरूका लागि स्वीकारयोग्य सुबीधाहरूमा निकै भेद रहेको छ । स्वीकारयोग्य सुबीधाहरूलाई सूचीबद्ध गर्ने विशेष मूल्याङ्कन मार्गनिर्देशन कागजातहरूलाई पालना गर्न सुनिश्चित हुनुहोस् ।*

3. विद्यार्थीले चयन गरिएका सबै सुबीधाहरूका लागि कागजात गरिएको आवश्यकता देखाउँछ?
   *अनुसन्धानले IEP वा 504 योजना टोलीहरूले बढाइएको समय तथा विभिन्न सेटिङ्जस्ता बन्डलमा सुबीधाहरूको चयन बारम्बार गर्छ भनी देखाएको छ । यद्यपि विद्यार्थीलाई यी सुबीधाहरू मध्ये कुनै एकको मात्र आवश्यकता पर्न सक्छ । IEP टोलीलाई विद्यार्थी न त कम वा बढी सुबीधा प्रयोग गरिएको छ भनी सुनिश्चित गर्ने उत्तरदायित्व रहेको छ ।*

4. सबै चयन गरिएका सुबीधाहरू IEP वा 504 योजनामा रहेका छन्?
   *विद्यार्थीको सक्रिय IEP वा 504 योजनाले निर्देशन तथा मूल्याङ्कन दुबैको लागि चयन गरिएका सबै सुबीधाहरूका लागि कागजातपत्र समावेश गर्नुपर्छ । एकपटक IEP वा 504 योजनामा प्रमाण प्रस्तुत गरिसकेपछि सुबीधाहरू उपलब्ध गराउनुपर्छ । सुबीधाहरूको कार्यान्वियन वैकल्पिक रूपमा नभइ अनिवार्य रूपमा हुनुपर्छ ।*

5. विद्यार्थीले चयन गरिएका मूल्याङ्कन सुबीधाहरूको प्रयोग कसरी गर्ने भन्ने बुझ्छन कि बुझ्दैनन्?
   *विद्यार्थीहरूसँग उनीहरूलाई मूल्याङ्कनहरूका अवधिमा उपलब्ध गराइएका सुबीधाहरूको प्रयोगको बारेमा बुझ्न पर्याप्त समय हुनुपर्छ । विद्यार्थीहरू सुबीधाहरूको प्रयोग गर्न इच्छुक छन् तथा उनीहरूले परीक्षण दिनको अघि सुबीधाहरूको प्रयोग गरेका छन् भनी सुनिश्चित गर्नुहोस् ।*

6. मेरो बच्चाको IEP वा 504 योजनामा छनोट तथा कागजात गरिएका सुबीधाहरूको परीक्षणको कार्यान्वयन गर्नको लागि सुनिश्चित गर्न विद्यालयसँग अग्रिम योजना प्रक्रिया छ?
   *सुबीधाहरू उनीहरूको व्यवस्थित कार्यान्वियन अनुसार मात्र प्रभावकारी हुन्छन् । दुर्भाग्यवश, सुबीधाहरूको कार्यान्वियन गर्ने कार्य कर्मचारीहरू पर्याप्त हुँ नदा, परीक्षणका दिनहरूमा गाह्रो हुन सक्छ । शान्त स्थान, पाठकहरू वा समायोजित फारामहरूजस्ता सुबीधाहरूका लागि अग्रिम योजना बनाउनु मूल्याङ्कन सुबीधाहरूको नैतिक प्रशासनको लागि नाजुक हुन्छ ।*

**अन्त्यमा, सुबीधाहरूले निम्नजस्ता अनुपयुक्त परीक्षणको नेतृत्व गर्दैन भनी सुनिश्चित गर्नुहोस्:**

- परीक्षणको अवधिमा विद्यार्थीहरूलाई कोचिङ गर्ने
- विद्यार्थीको कार्यको सम्पादन गर्ने
- कम प्रश्नहरूको जवाफ दिन वा आवश्यक प्रतिक्रियाहरूको संख्यालाई कम गर्न विद्यार्थीलाई अनुमति दिने
- कुनै पनि तरिकाबाट उत्तरहरूको परीक्षण गर्नका लागि सुराकहरू दिने
- थप जानकारीको व्याख्या गरेर वा प्रस्ताव राखेर सामग्री परिवर्तन गर्ने

*(यो तालिका डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 6 मा फेला पार्न सकिन्छ)*

## सुबीधाहरूमा मार्गदर्शक

प्रस्तुतीकरण सुबीधाहरू

| सम्भावित योग्य विद्यार्थीहरू | सोध्नुपर्ने प्रश्नहरु | निर्देशनका उदाहरणहरू | मूल्याङ्कनका उदाहरणहरू |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| शारीरिक, संवेदक वा ज्ञानात्मक विकलांगता को कारण दृश्यात्मक रूपमा स्ट्याण्डर्ड प्रिन्ट पढ्नमा कठिनाई वा अक्षमता भएको रूपमा व्याख्या गरिएको प्रिन्ट विकलांगता हरू भएका विद्यार्थीहरू | • विद्यार्थीले निर्देशनहरू पढ्न तथा बुझ्न सक्छ?<br>• विद्यार्थीले पाठ चर्को स्वरमा तथा नियमित रूपमा पढ्नुपर्छ?<br>• विद्यार्थीलाई पढाइमा विकलांगता भएको रूपमा पहिचान गरिएको छ? | • ठूलो प्रिन्ट<br>• म्याग्निफिकेसन यन्त्रहरू<br>• मानव पाठक<br>• अडियो टेपहरू<br>• डिजिटल पाठ्यपुस्तक<br>• बोल्ने सामग्रीहरू (क्यालकुलेटर, घडी, टाइमरहरू) | • स्क्रिन/मानव पाठक<br>• टेक्स्ट टु स्पिच<br>• ब्रेल<br>• गणितको लागि दृश्यात्मक प्रतिनिधित्वहरू |

प्रतिक्रिया सुबीधाहरू

| सम्भावित योग्य विद्यार्थीहरू | सोध्नुपर्ने प्रश्नहरु | निर्देशनका उदाहरणहरू | मूल्याङ्कनका उदाहरणहरू |
|---|---|---|---|
| शारीरिक, संवेदक वा सिकाइ विकलांगता हरू (स्मरणशक्ती अनुक्रमण, निर्देशनात्मक, पङ्क्तिवद्ध तथा संगठनसँगैका कठिनाइहरू ) भएका विद्यार्थीहरू | • विद्यार्थीले पेन्सिल वा अन्य लिखित साधनको प्रयोग गर्न सक्छ?<br>• विद्यार्थीहरूसँग उनीहरूको हिज्जे गर्ने योग्यतालाई प्रभाव पार्ने विकलांगता छ?<br>• विद्यार्थीलाई एउटा पृष्ठबाट अर्कोमा पदचिन्ह छोड्दा तथा उनीहरूको स्थान व्यवस्थित गर्दा समस्या भइरहेको छ? | • लेखक<br>• टिपोटकर्ताहरू<br>• टेप रेकर्डर<br>• पाठ पुस्तिकामा प्रतिक्रिया दिनुहोस्<br>• हिज्जे तथा व्याकरण यन्त्रहरू<br>• ग्राफिक आयोजकहरू | • पाठको लागि वाचन<br>• वयस्क प्रतिलेखन<br>• स्क्र्याच कागज पेपर<br>• शब्द अनुमान |

समय तथा अनुसूचित सुबीधाहरू

| संभवत: योग्य विद्यार्थीहरू | सोध्नुपर्ने प्रश्नहरु | निर्देशनका उदाहरणहरू | मूल्याङ्कनका उदाहरणहरू |
|---|---|---|---|
| बढाइएको अवधिहरूका लागि ध्यान केन्द्रित गर्न नसक्ने, बढी समयको आवश्यक पर्ने विद्यार्थीहरूलाई स्वास्थ्यसँग सम्बन्धित विकलांगता हरू, सजिलैसँग थकावट हुने, विशेष आहार र/वा औषधिको आवश्यकताहरू हुन्छ । | • विद्यार्थीले परीक्षण प्रशासनको लागि बाँडफाँड गरिएको सम्पूर्ण समयको अवधिमा निरन्तर रूपमा कार्य गर्न सक्छ?<br>• विद्यार्थी उनीहरूको दुर्बलताहरूका कारण सजिलैसँग थाक्छ?<br>• विद्यार्थीलाई छोटो कार्य अवधि तथा बारम्बार विश्रामहरूको आवश्यकता पर्छ? | • बढाइएको समय<br>• बारम्बार विश्रामहरू<br>• बहु परीक्षण सत्रहरू | • बढाइएको समय<br>• बारम्बार विश्रामहरू |

सुबीधाहरूको सेटिङ गर्ने

| सम्भावित योग्य विद्यार्थीहरू | सोध्नुपर्ने प्रश्नहरू | निर्देशनका उदाहरणहरू | मूल्याङ्कनका उदाहरणहरू |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ठूला समूह सेटिङहरूमा सजिलैसँग विचलित हुने विद्यार्थीहरू साना समूहहरूमा उत्कृष्ट ध्यान केन्द्रित गर्छन् । | • विद्यार्थी सजिलैसँग अरूहरूबाट विचलित भएको छ?<br>• विद्यार्थीलाई कार्यमा बस्दै गर्दा समस्या भइरहेको छ?<br>• विद्यार्थीले अन्य विद्यार्थीहरूलाई भंग गर्ने व्यवहारहरूको प्रदशन गर्छ? | • कोठा वा स्थानको परिवर्तन<br>• इयरफोन वा हेडफोनहरू<br>• अध्ययन कोठाहरू | • कोठा वा स्थानको परिवर्तन<br>• इयरफोन वा हेडफोनहरू<br>• अध्ययन कोठाहरू |

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 7 मा फेला पार्न सकिन्छ)*

## सबैजना जानकारीको लागि योग्य छन्

सुबीधाहरूको बारेमा निर्णहरूको निर्माण गरिसकेपछि यो एकदमै महत्त्वपूर्ण छ कि सबैजनासँग जानकारी दिनको लागि एउटा अवसर हुन्छ । यसले अभिभावकहरू, विशेष शैक्षिक कर्मचारी, व्यावसायिक शिक्षकहरू, सामान्य शैक्षिक कर्मचारी तथा अन्य सम्बन्धित सेवा प्रदायकहरूलाई समावेश गर्छ । यद्यपि आफ्नो बच्चालाई सोध्न नबिर्सनुहोस् । तपाईंको बच्चाले विशेष सुबीधाहरूको प्रयोग गर्न चाहदैन भने अन्य विकल्पहरूलाई विचार गर्न सकिन्छ । सिक्ने तथा विकास गर्ने कार्य सुस्त गतिमा भएता पनि तपाईंको बच्चाले सिक्ने तथा विकास गर्ने कार्य जारी राख्छ भनी जान्नु महत्त्वपूर्ण हुन्छ । पढाइ तथा लेखाइजस्ता सिकाइको लागि आवश्यक सीपहरूमा निरन्तर निर्देशनसँगै, निश्चित सुबीधाहरूको आवश्यकता समयमा अनुसार कम हुनुपर्छ । थुप्रै सुबीधाहरू अस्थायी हुनेछन् । तपाईंले आफ्ना बच्चाहरूलाई सुबीधाहरूमा एकदमै कम आश्रित बनाउन तथा उनीहरूको आफ्नै क्षमताहरूमा थप निर्भर हुनमा मद्दत गर्न सक्नुहुन्छ ।

तपाईंको बच्चालाई सुबीधाहरू उपलब्ध गराउदै गर्दा सहकार्य अनिवार्य हुन आवश्यक छ । तपाईंको बच्चाको शैक्षिक कार्यक्रमको उत्तरदायित्वले थुप्रै मानिसहरूलाई भरोसा दिलाउँछ । तपाईंसँग टोलीको सहायता छ । अभिभावकको रूपमा तपाईं त्यस समूहको सक्रिय सहभागी बन्न चाहनुहुनेछ । सामान्य समस्या समाधान गर्न, आवश्यक स्रोतहरूको पहिचान गर्न तथा निर्देशनात्मक कार्यक्रम र सुबीधाहरू प्रयोगको प्रभावकारितालाई निरीक्षण गर्नको लागि कार्यान्वियनको प्रयोग गर्न सकिन्छ । तपाईंको बच्चाले समस्याहरू अनुभव गरिरहँदा सहायताको लागि सोध्न नडराउनुहोस् तथा आफ्नो बच्चालाई कुराकानीमा समावेश गर्न कहिल्यै नबिर्सनुहोस् ।

हाम्रा लक्ष्यहरू उस्तै छन्: **हामीले हाम्रा सबै विद्यार्थीहरूमा नाजुक विचार, लेखन तथा समस्या समाधान गर्ने सहित वास्तविक सीपहरूको विकास गर्न चाहन्छौं ।** र हामीले यस कार्यमा साझेदारहरूको रूपमा तपाईं सबैसँग अगाडि बढ्न चाहन्छौं-जसकारण अन्तत हाम्रो विद्यालयहरूले सम्पूर्ण बाल विकासकमा ध्यान गर्ने सकरात्मक सिकाइका वातावरणहरूलाई प्रोत्साहित गर्न सक्छ । हाम्रा प्रत्येक बालबालिकाहरू उनीहरूको शैक्षिक यात्राको अर्को चरणको लागि तयार हुन योग्य छन् तथा उनीहरू आगामी उत्कृष्ट अवसरहरूको लागि तयारी अवस्थामा रहेका छन् भनी सुनिश्चित गर्ने एउटा माध्यम TNReady हो ।

थप जानकारीको लागि, TNReady.gov मा जानुहोस् ।